आज मिति २०७४ साल भाद्र महिनाको ३० गते शुक्रवारका दिन दिनको ठिक १.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख, शुक्लागण्डकी नगरपालिका कार्यालय

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य(नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य(नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया थापा, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

अन्य उपस्थिति :

श्री हिमा पोखेल , प्रशासकीय अधिकृत

निर्णय नं. १

तनहुँ जिल्ला आ.व ०७४।७५ का लागि जिल्ला प्राविधिक कार्यालयद्धारा स्वीकृत जिल्ला दररेट अनुसारको दररेटमा तपशिल बमोजिमको संशोधन सहित स्वीकृत गरि लागु गर्ने ।

तपशिल :

क) ज्याला :

१. अदक्ष प्रतिदिन रु ६००।-

२. दक्ष प्रतिदिन रु ९००।-

३. अर्धदक्ष प्रतिदिन रु ७००।-

ख) ट्याक्टर मात्र चल्ने सडकमा ढुवानी गर्दा प्रति के . जि प्रति कि.मि रु ०.१२ पैसा

ग) अपरेटरको भत्ता : प्रति घण्टा रु १५०।-

घ) हेल्पर भत्ता : प्रति घण्टा रु २५।-

ङ) ग्रावल प्रति घन मिटर रु १०००।-

च) पेट्रोल : प्रतिलिटर रु ९९।-

छ) डिजेल : प्रतिलिटर रु ७४।-

ज) मट्टीतेल : प्रतिलिटर रु ७४।-

झ) ग्रिज : प्रति के.जी रु ४२०।-

ञ) हाईड्रोलिक ओइल : प्रतिलिटर रु ३५०।-

ट) मोबिल : प्रतिलिटर रु ६५०।-

निर्णय नं. २

शुक्लागण्डकी नगरपालिकाको आ.व ०७४।७५ को नगरसभाले पारित गरेको विनियोजन ऐनद्धारा पास भएको रकम  खर्च गर्ने अख्तियारी कार्यकारी अधिकृतलाई प्रदान गर्ने ।

निर्णय नं. ३

शु.न.पा २ को वडा भवन निर्माण गर्न विनियोजन गरिएको रु २० लाख रकम मनकौरी मोटरमार्गलाई रकमान्तर गर्ने ।

निर्णय नं. ४

शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्रका सबै वडाहरुको विभिन्न ठाउँहरुमा हुने कोत पुजाको लागि पुजा आजा शिर्षकबाट खर्च हुने गरि प्रत्येकलाई खर्च रकम रु ५,०००।- का दरले भुक्तानी दिने । नपुग रकम आर्थिक सहयोग शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. ५

कृषि संकलन केन्द्र निर्माणका लागि शु.न.पा- ५ वेलचौतारामा रहेको सार्वजनिक जग्गाहरुमध्ये उपर्युक्त जग्गा अध्ययन गरि निर्माण कार्य अघि बढाउने ।

निर्णय नं. ६

शु.न.पा वडा नं. ४ कसेरीमा अवस्थित मुस्लिम समाज र सृष्टि आमा समुह विचको विवाद र सृष्टि आमा समुहद्धारा मुस्लिम कब्रस्तानको तारवार भत्काइएको , दुवै पक्षविच सम्झौता गर्दा नगरपालिकाद्धारा रु ५० हजार रकम तारवार गर्न दिने सर्तमा सहमति गरिएकोले मर्मत संभार कोषबाट खर्च गर्ने गरि रु ५० हजार रकम क्षतिपुर्ति बापत मुस्लिम समाजलाई उपलब्ध गराउने ।

**निर्णय नं. ७**

आ.व २०७४।७५ मा यस न.पा भित्र संचालन गर्न लुमन्ती नामक संस्थाले मागेको अनुमती प्रदान गर्ने ।

निर्णय नं. ८

स्थानीय तहको निर्वाचन पछी जनप्रतिनिधीहरुको कार्यभार ग्रहण गरेको १०० दिनको प्रगती विवरण सार्वजनिकीकरण कार्यक्रम कार्यपालिका सदस्य र पत्रकार सहितको उपस्थितीमा सम्पन्न गर्ने ।

निर्णय नं. ९

नगरपालिकाको न्याय सम्पादन गर्न नगर उप प्रमुख श्री सबिता रसाईली ज्युको संयोजकत्वमा तपशि बमोजिमको न्यायिक समिति गठन गर्ने ।

तपशिल :

संयोजक : श्री सबिता रसाईली

सदस्य : श्री थम्मन बहादुर आले

सदस्य : श्री पदम तिमिल्सिना

निर्णय नं. १०

नगरपालिका कार्यालयका योजनाहरु कार्यान्वयन गर्न प्राविधिक कर्मचारीहरुको अपुग भएको र तत्काल प्राविधिक कर्मचारी आवश्यक परेकोले तपशिल बमोजिमका प्राविधिक कर्मचारी भर्ना गर्ने ।

तपशिल :

क) ईञ्जिनियर : १ जना

ख) सव- ईञ्जिनियर : ३ जना

ग) व्याक हु लोडर र ट्रिपर चालक : १/१ जना

निर्णय नं. ११

वडा समितिको वैठक भत्ता वापत प्रत्येक पटकलाइ प्रतिव्याक्ति रु ५०० का दरले वैठक भत्ता उपलब्ध गराउने ।

निर्णय नं. १२

वडामा जाने पुजिगत खर्च मध्येको रु १ लाख रकम वडाको प्रशासनिक खर्चमा रकमान्तर गर्ने ।

निर्णय नं. १३

युवा तथा खेलकुद शिर्षक अन्तर्गतको रकम प्रत्येक वडालाई रु १/१ लाखका दरले प्रदान गर्ने ।

निर्णय नं. १४

शु.न.पा ५ वेलचौतारामा अवस्थित लालिगुरास टोलद्धारा फोहोरमैला व्यवस्थापन गरेको र सहयोग माग भईआएकोले उक्त टोललाई रु ३२ हजार रकम आर्थिक सहयोग शिर्षकबाट प्रदान गर्ने ।

निर्णय नं. १५

शु.न.पा ५ शिवनगर झरौटामा अवस्थित ज्येष्ठ नागरिक सेवा केन्द्रले आयोजना गरेको साधारण सभा तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि महिला तथा बालबालिका शिर्षकबाट खर्च गर्ने गरि रकम रु २५ हजार प्रदान गर्ने ।

निर्णय नं. १६

शु.न.पा १ मा रहेको विलाउनी खोला खानेपानी योजनाको दश एच पि को पम्प जलेको हुदा खानेपानी शिर्षकबाट खर्च हुने गरि उक्त योजनालाई प्राबिधिक ईष्टिमेट अनुसारको रकम मर्मत संभार कोषबाट उपलब्ध गराउने ।

निर्णय नं. १७

विषयगत कार्यालयको बजेट सम्बन्धमा पशु कार्यालय र कृषि मन्त्रालयको अत्यावश्यक कार्यक्रमका लागि हाललाई ३ लाख रकम ( कृषि कार्यक्रमलाई १ लाख ५० हजार र पशु सेवा कार्यक्रमलाई १ लाख ५० हजार ) पछि त्यही कार्यक्रमबाट खर्च हुने गरि व्यवस्थापन गर्ने ।

निर्णय नं. १८

स्वास्थ्य सेवामा कार्यरत सेवा करारका कर्मचारीहरुलाई करार सेवा सम्झौतामा निरन्तरता दिने ।

निर्णय नं. १९

शुक्लामार्ग लालिम खण्ड उपभोक्ता समितिलाई गत आ.व को योजनाको उपभोक्ताले जम्मा गरेको रकम मध्ये भुक्तानी दिन बाकि रकम रु १९,४१,०८१।- रकम भुक्तानी दिने ।